# खेलकुद प्रशिक्षक परिचालन कार्यविधि

## २०७९

स्विकृत मितिः २०७९ पौष २६

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाबुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

# विगु गाउँपालिका

## गाउँपालिकाको कार्यालय

### विगु, दोलखा

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

विगु गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०९/२६

# खरेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०७९

प्रस्तावनाः विद्यालयस्तरदेखि नै किशोर किशोरी तथा युवालाई खेलकुद प्रति आकर्षित गर्दै विभिन्न विधाका खेलहरुमा उच्च क्षमतावान तथा योग्य खेलाडी उत्पादन गरी खेलकुदको क्षेत्रमा गाउँपालिका र जिल्लालाई दह्रो र सक्षम प्रतिस्पर्धी जिल्लाको रुपमा विकास गरी प्रदेश स्तरिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय पदकहरु हासिल गर्न सहयोग पुर्याउने उद्धेश्यले विगु गाउँपालिका भित्र खेलकुदलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गर्नको निम्ति स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०७९ बनाइएको छ।

## परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ १ यो कार्यविधिको नाम "खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०७९" रहेको छ।

क. यो निर्देशिका विगु गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "गाउँपालिका " भन्नाले विगु गाउँपालिका सम्झनु पर्दछ ।

ख) "समिति" भन्नाले विगु गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ग) "शैक्षिक संस्था" भन्नाले विगु गाउँपालिका भित्रका सार्वजनिक, सामुदायिक तथा साझेदारीमा सञ्चालित विद्यालयहरुलाई जनाउनेछ ।

घ) "क्लब" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई खेलकुद गितिविधि सञ्चालन गर्ने उद्धेश्यले निहित भएका युवा क्लवलाई जनाउनेछ ।

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

संजिव ओली
अध्यक्ष

बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

ङ) "संघ" भन्नाले जिल्ला खेलकुद, राष्ट्रिय खेलकुद परिषदमा दर्ता भएका खेलकुद संघलाई जनाउनेछ ।

च) "प्रशिक्षक" भन्नाले यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकलाई जनाउनेछ ।

## परिच्छेद -२

## खेलकुद प्रशिक्षक परिचालन सम्बन्धी व्यवस्था

३. प्रशिक्षक परिचालनका आधारः प्रशिक्षक परिचालन गर्दा देहायका कुराहरुलाई प्रमुख आधारको रुपमा लिइनेछ :

क. सबैका लागि खेलकुदको अवधारणालाई मूर्त रुप दिने गरी खेलकुदलाई सामाजिकीकरण गर्ने गाउँपालिका तथा राष्ट्रिय खेलकुद नीति २०६७ मा व्यवस्था भएका विभिन्न खेल क्षेत्रहरु ।

ख. राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुदको अवधारणालाई कार्यान्वयनमा ल्याउन स्थानिय तह (विद्यालय तह) देखि नै खेलकुदलाई जीवनको अभिन्न अङ्गको रुपमा समावेश गरी खेल मैत्री स्वास्थ्य वातावरणको सिर्जना गर्ने ।

ग. विभिन्न सामाजिक तथा वातावरणीय संरक्षणका क्षेत्रहरु ।

४. प्रशिक्षक परिचालन क्षेत्रः प्रशिक्षक परिचालनका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् :

क. गाउँ क्षेत्र भित्रका विभिन्न वडाहरुमा खेलको प्रशिक्षण गराउने

ख. गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक, सामुदायिक एवम् साझेदारीमा सञ्चालित विद्यालयहरु

ग. गाउँपालिका वा जिल्ला खेलकुद विकास समितिसँग आवद्ध खेलकुद सम्बन्धी संघ, संस्था, क्लबहरु

घ. युवा लक्षीत कार्यक्रम

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

सजिव ओली
अध्यक्ष

इ. वातावरण संरक्षण तथा सम्वर्धनसँग सम्वन्धित संघ तथा संस्थाहरु ।

५. खेलकुद प्रशिक्षक छनौट प्रक्रियाः खेलकुद प्रशिक्षक छनौट गर्दा देहाय बमोजिमका प्रक्रियाहरु अपनाइने छन् -

क. न्यूनतम योग्यताः कुनै पनि व्यक्ति खेलकुद प्रशिक्षकको रुपमा छनौट हुन देहाय बमोजिमका योग्यता भएको व्यक्ति हुनुपर्नेछ ।

अ. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ (आधारभूत तह परीक्षा उतीर्ण परीक्षा), एस. एल. सी /एस. इ. इ वा प्रविणता प्रमाण-पत्र तह/कक्षा १२ (उच्च माध्यमिक तह परीक्षा उतीर्ण) उपाधि प्राप्त गरेको

आ. नेपाली नागरिक हुनुपर्नेछ

इ. १९ वर्षा उमेर पूरा भएको हुनुपर्नेछ

ई. मान्यता प्राप्त स्वस्थ्य संस्थाबाट प्रदान गरिएको निरोगिताको प्रमाण-पत्र पेश गर्नुपर्ने

उ. राष्ट्रिय तथा अन्तराष्ट्रिय अफिसियल स्तरका खेलकुद प्रतियोगिताहरुमा सहभागी भई महत्वपूर्ण स्थान हासिल गरेको

ख. वसरोष योग्यताः खेलकुद प्रशिक्षकको रुपमा छनौट हुन खण्ड (क) मा उल्लेखित न्यूनतम योग्यताका अथवा देहाय बमोजिमका विशेष योग्यता भएको उम्मेद्वारलाई प्राथमिकता दिइनेछ ।

अ. खेल विज्ञान वा शारिरीक शिक्षा विषयमा स्नातक तह उतीर्ण गरी तिन महिने दश महिने वा सो भन्दा बढी अवधिको खेलकुद सम्बन्धी प्रशिक्षण प्राप्त गरेको

वा

आ. खेल विज्ञान वा शारीरिक शिक्षा विषयमा स्नातक तह उतीर्ण गरी तीन महिने वा दश महिने वा कम अवधिको खेलकुद प्रशिक्षण प्राप्त गरेको

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाबुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

ग. माथि उपखण्ड अ देखि आ सम्म उल्लेखित योग्यता भएका उम्मेद्वारहरुबाट दरखास्त प्राप्त हुन नआएमा  कक्षा ८, एस.इ.इ वा उच्च माद्‌यमिक तह उतीर्ण गरी एक महिना वा सो भन्दा बढी अवधिका प्रशिक्षण प्राप्त गरेका समेतलाई छनौट गर्न सकिनेछ

घ. जुन स्थानिय तहका लागि खेलकुद प्रशिक्षक नियुक्त गर्न लागिएको हो सोही स्थानिय तहको स्थायी बासिन्दा पहिलो प्राथमिकता दिइनेछ ।

६. खेलकुद प्रशिक्षक, परिचालन तथा व्यवस्थापन समितिः

खेलकुद प्रशिक्षक छनौट परिचालन तथा व्यवस्थापन गर्नका लागि स्थानिय तह स्तरिय देहाय बमोजिमको पदाधिकारीहरु रहेको समिति रहनेछः

क. अध्यक्ष विगु गाउँपालिका- संयोजक

ख. सदस्यः प्रमुख प्रशासकिय अधिकृत

ग. सदस्यः प्रमुख शिक्षा युवा तथा खेलकुद शाखा

घ. सदस्यः खेलकुद विकास समिति विगु गाउँपालिका

ङ. सदस्य सचिवः

७. खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

स्थानिय तह भित्र खेल प्रशिक्षक छनौट, परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

क. खेलकुद प्रशिक्षकहरुको विज्ञापन वा सूचनामा दरखास्त परेका उम्मेद्वारहरुको दरखास्त फाराम संकलन गर्ने

ख. उपखण्ड क बमोजिम प्राप्त हुन आएका दरखास्त फाराम प्रक्रिया पुरा भए नभएको छानविन गर्ने

ग. योग्य दरखास्त फारामहरुको अनुसूची-१ बमोजिम मूल्यांकन गर्ने

घ. छनौट भएका योग्य उम्मेद्वारसँग अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गरी अनुसूची-३ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिने

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

संजिव ओली
अध्यक्ष

ङ. खेलकुद प्रशिक्षकका कार्यहरुको अनुगमन तथा मूल्यांकन गर्ने

च. गाउँपालिकाले तोकेको कार्यहरु गर्ने गराउने ।

८. खेलकुद प्रशिक्षकको शर्त तथा सुविधाः यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकको शर्त सुविधा देहाय बमोजिम हुनेछन्

क. खेलकुद प्रशिक्षकलाई सेवा सुविधा वापत खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिमको रकम प्रदान गरिनेछ ।

ख. खेलकुद प्रशिक्षक बढीमा एक वर्षका लागि अस्थायी करार सम्झौताका आधारमा परिचालन गरिनेछ।

ग. प्रत्येक आर्थिक वर्षमा कामको प्रगति अनुसार नविकरण गर्न सकिनेछ। राम्रो कार्य सम्पादन गर्ने प्रशिक्षकलाई विशेष प्राथमिकता दिइनेछ ।

घ. प्रशिक्षकले प्राप्त गर्ने अन्य सुविधाहरु खेलकुद प्रशिक्षक परिचालन समितिले गरेको निर्णय बमोजिम हुनेछ ।

ङ. प्रशिक्षकले सेवा प्रवाह गर्न नचाहेमा एक महिना अगावै समितिलाई जानकारी गराउनु पर्नेछ ।

च. समितिलाई प्रशिक्षकको काम सन्तोषजनक नलागेमा तत्काल समितिको निर्णयबाट करार संझौता भंग गरी सेवाबाट निष्कासित गर्न सक्नेछ ।

९. खेलकुद प्रशिक्षकको आचार संहिताः

खेलकुद प्रशिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ।

क. खेलकुद प्रशिक्षकले राजनैतिक क्रियाकलापमा संलग्न हुनुहुँदैन र कार्य सम्पादन गर्दा आफ्नो राजनैतिक प्रभाव पर्न दिनुहुँदैन

ख. खेलकुद प्रशिक्षकले आफूलाई दिइएको जिम्मेवारी इमान्दारितापूर्वक पुरा गर्नुपर्नेछ

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाबुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

ग. प्रशिक्षकको लागि तोकिएको निर्वाह भत्ता बाहेक निर्णय गरेर उपलब्ध गराइएको सुविधा बाहेक प्रशिक्षकले कुनै संध, संस्था वा व्यक्तिबाट कुनै पनि सुविधा लिन पाइने छैन

घ. खेलकुद प्रशिक्षकले अनुशासित भइ शिष्ट र विधिसम्मत व्यवहार अवलम्बन गर्दै आफूलाई आदर्शवान् र नमूना पात्रको रुपमा प्रस्तुत गर्नुपर्नेछ

ङ. खेलकुद प्रशिक्षकले सामाजिक सद्भाव र शान्ति व्यवस्था तथा वातावरणीय अनुकूलतामा खलल् पूर्याउने कार्य गर्न पाइने छैन

च. खेलकुद प्रशिक्षकले गाउँपालिका, जिल्ला, प्रदेश वा राष्ट्रको बृहत्तर हितमा आघात पुग्ने कुनै पनि कार्य गर्न पाइने छैन

छ. खेल प्रशिक्षणका क्रियाकलापमा खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको निर्देशन पालना गर्नुपर्नेछ

ज. खेलकुद प्रशिक्षक विगु गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिसँग उत्तरदायी हुनुपर्नेछ

## परिच्छेद-३
## विवध

१०. खेलकुद प्रशीक्षकको अनुगमनः परिचालन गरिएको खरेलकुद प्रशीक्षकले गरेको कार्यहरुको अनुगमन विगु गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समिति वा उक्त समितिले खटाएको व्यक्तिहरुबाट गरिनेछ

११. खेलकुद प्रशिक्षकलाई आवश्यक निर्देशनः खेलकुद प्रशिक्षकलाई रिपोर्टिङ्गको आधारमा आवश्यक देखेमा विगु गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले निर्देशन दिन सक्नेछ

१२. आर्थिक व्यवस्थापनः विगु गाउँपालिपका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले विगु गाउँपालिलका भित्र प्रचलनमा रहेका संभवना

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

संजिव ओली
अध्यक्ष

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

बोकेका खेलहरु भलिवल, कराँते, उसु, तेक्वान्दो, एथलेटिक्स, फुटवल लगायतका खेल मध्ये आवश्यकताका आधारमा खेलकुद प्रशिक्षक नियुक्त गर्न सकिनेछ साथै खेलकुद प्रशिक्षकको सेवा सुविधा विगु गाउँपालिकाबाट भुक्तान गरिनेछ ।

१३. बाधा अड्काउ फुकाउः यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइ परेमा विगु गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले फुकाउन सक्नेछ ।

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

संजिव ओली
अध्यक्ष

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाबगर, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

# अनुसूची-१

## दफा ७ को खण्ड ग सँग सम्बन्धित

## उम्मेदवारको योग्यता मूल्याङ्कनको आधार

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | पूर्णाङ्क-८ | |
| | क. न्यूनतम योग्यता<br>ख. माथिल्लो योग्यता | प्रथम दोस्रो तेस्रो<br>५ ३ २<br>३ २ १ | |
| २ | व्यवहारिक पक्ष | पूर्णाङ्क ४२ | |
| | क. खेल विज्ञान सम्बन्धी ज्ञान सीप (प्रशिक्षकका रुपमा तालिम/विद्यालय खेलकुद प्शिक्षक लाइसेन्स प्राप्त, पूर्व अनुभव तथा खेलाडीका रुपमा पूर्व अनुभवलाई आधार मान्ने) र अभिवृत्ति | १० | |
| | ख. राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगितामा खेलाइने खेलको प्रशिक्षक भएमा | ५ | |
| | ग. खेल प्रशिक्षण व्यवस्थापन | ५ | |
| | घ. समुदायसँग घुलमिल हुन सक्ने क्षमता | ५ | |
| | ङ. स्वयंसेवी भावना | ५ | |
| | च. शारीरिक तन्दुरुस्ती | ५ | |
| | छ. सम्बन्धित निर्वाचन क्षेत्रको स्थानिय बासिन्दा | ५ | |
| | कुल जम्मा | ५० | |

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

संजिव ओली
अध्यक्ष

गाउँ विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

अनुसूची-२

दफा ७ खण्ड घ सँग सम्बन्धित

सम्झौताको ढाँचा

विगु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लादुक, दोलखा

वागमती प्रदेश, नेपाल

**विगु गाउँपालिका गाउँ कार्यपालिका र खेल प्रशिक्षक बीच गरिएको आपसी सम्झौता ।**

लिखितम् हामी तपशील पक्षहरु आगे विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक, दोलखा (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र ............................ गाउँपालिका वडा नं. ..................... बस्ने बर्ष .............. को श्री .................................................... (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) का बीच मिति .................................. मा भएको सम्झौता ।

१. दोस्रो पक्षले गर्नुपर्ने मूख्य-मूख्य कार्यको विवरण:-

क. आपूलाई खटाइएको क्षेत्र अन्तर्गतका विद्यालयहरु/खेल स्थल/वडामा गई खेलकुद प्रशिक्षण उपलब्ध गराउने

ख. प्रशिक्षण उपलब्ध गराउँदा उक्त क्षेत्रमा योग्य खेलाडीहरु उत्पादन गर्न सक्ने उच्च सम्भावना भएका खेललाई विशेष प्राथमिकता दिने

ग. किशोर किशोरीहरुमा धेरै भन्दा धेरै खेलको जानकारी गराउने र खेल अनुशासनको विकास गराउने

घ. विभिन्न निकायहरुबाट सञ्चालित खेलकुद कार्यक्रममा सहभागिताका लागि किशोर किशोरीहरुलाई उत्प्रेरित गर्ने

ङ. विगु गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समिति वा उक्त समितिले तोकेको ब्यक्तिले दिएको निर्देशनको पालना गर्ने

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

संजिव ओली
अध्यक्ष

च. आफूले प्रदान गरेको प्रशिक्षणका बारेमा तोकिएको ढाँचामा विवरण भरि मासिक रुपमा समितिमा पठाउने

२. बुँदा नं. १ मा उल्लेखित सेवा उपलब्ध गराए बापत प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने सेवा सुविधाहरु देहाय बमोजिम हुनेछन्

क. प्थम पक्षले दोस्रो पक्षलाई मासिक रुपमा सेवा सुविधा वापत रु. ......................... उपलब्ध गराउने छ।

ख. दोस्रो पक्षले अन्य कर्मचारीला तोकिएको कार्य समय अनुसार तोकिएको निकायमा हाजिर भई प्रथम पक्षले उपलब्ध गराएको हाजिर खातामा हाजिरी गरी काम गर्नुपर्नेछ। उक्त हाजिरी प्रमाणित भएपछि मात्र सेवा सुविधा भुक्तानी हुनेछ

३. दोस्रो पक्षले आफ्नो क्षेत्रमा रहन आउने प्रथम पक्षको चल अचल सम्पत्तिको हिफाजत साथ प्रयोग गरी कार्य सम्पन्न पश्चात् प्रथम पक्षलाई बुझाउनु पर्नेछ।

४. दोस्रो पक्षको काम सन्तोषजनक नभएमा प्रथम पक्षले तुरुन्त निर्णय पारीत गरी सम्झौता भंग गर्न सक्नेछ।

५. यो सम्झौता मितिः ........................ देखि ...................... सम्म कायम रहनेछ ।

६. प्रथम पक्षलाई हानी हुने कार्य गरेमा वा सम्झौता विपरीत कार्य नगरेमा जुनसुकै बेला करार भंग गर्न सकिनेछ। हानी नोक्सानी भएमा सोको क्षतिपूर्ति कानून बमोजिम असुल उपर गर्न यो सम्झौताले बाधा पुर्याउने छैन ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| दस्तखतः | ठेगानाः |
| पदः | दस्तखत |
| | |
| रोहवरः | रोहवरः |
| नामः | नामः |
| दस्तखतः | ठेगानाः |
| पदः | दस्तखतः |

कार्यालयको छाप

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

इति सम्बत २०७९ साल पौष ........... गते ........... रोज शुभम् ।

अनुसूची-३

दफा ७ को खण्ड घ सँग सम्बन्धित

विगु गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लादुक, दोलखा

वागमती प्रदेश, नेपाल

मितिः

श्री .....................

.............................

विषयः खेलकुद प्रशिक्षक नियुक्ति सम्बन्धमा ।

तपाईंलाई "खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०७९" को दफा ७ को खण्ड घ तथा सोही कार्यविधिको अनुसूची-२ को सम्झौता बमोजिम मिति ........................ देखि .................................. सम्म .................... खेलकुद प्रशिक्षकको रुपमा कामकाज गर्नेगरी नियुक्ति गरिएको छ।

तोकिएको कार्यक्षेत्रमा कुसलतापूर्वक जिम्मेवारीहरु लगनशीलता एवं इमान्दारीपूर्वक निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा राखिएको छ।

शैलेन्द्र भण्डारी

प्रमुख प्रशासकीय अधिकृत